१२९ औं कार्यपालिका बैठकको एजेण्डा :

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

१. पुतलीबजार नगर खेलकुद विकास समितिको निवेदन सम्बन्धमा ।
२. मिलेनियम ट्रेक व्यवस्थापन समितिको निवेदन सम्बन्धमा ।
३. नेपाल रेडक्रस सोसाइटी स्याङ्जाको पत्र सम्बन्धमा ।
४. टेलरको भाडा सम्बन्धमा ।
५. स्याङ्जा क्रिकेट संघको पत्र सम्बन्धमा ।
६. देवघाट बौद्धिक अध्यात्मिक परिषद कुलेश्वर काठमाण्डौको निवेदन सम्बन्धमा ।
७. विश्वशान्ति आधारभूत विद्यालयको भवन मर्मत सम्बन्धमा ।
८. वडा नं. ३ सिता देवी उपाध्यायको खेत संरक्षण सम्बन्धमा ।
९. वडा नं. ४ निवासी खेम बहादुर घर्तीको घर संरक्षण सम्बन्धमा ।
१०. फापरडाँडा विरुवा हुँदै स्वारा बाटो मर्मत सम्बन्धमा ।
११. झापाकोट युवा क्लबको निवेदन सम्बन्धमा ।
१२. दोस्रो चौमासिकसार्वजनिक सुनुवाई सम्बन्धमा ।
१३. मोहोरिया दोधार टोल खानेपानी ट्यांकी निर्माण सम्बन्धमा ।
१४. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।
१५. आवधिक विकास योजना सम्बन्धमा ।
१६. मायाटारी वेलवास वरल्याङ सडक खण्डको प्रवेश विन्दुमा रहेको मिल स्थानान्तर र टहरो संरक्षण सम्बन्धमा ।
१७. वडा नं. १४ अन्तर्गत प्रेम बहादुर केसीको घर संरक्षण सम्बन्धमा ।
१८. वालहित आ.विको मर्मत सम्भार सम्बन्धमा ।
१९. जिल्ला समन्वय समितिले पेश गरेको अनुमगमन प्रतिवेदन सम्बन्धमा ।
२०. विविध

...................................

तुलसीराम रेग्मी

नगर प्रमुख

२०८२ चैत्र १९ गते बिहिबार

## १२९ औं कार्यपालिका बैठकका निर्णयहरू :

**निर्णय नं. १:**

पाँचौं शुक्लागण्डकी महोत्सव, २०८२ को अवसरमा शुक्लागण्डकीमा भएको पालिका स्तरीय पुरुष भलिबल प्रतियोगितामा नगरपालिकाको तर्फबाट सहभागी भएका खेलाडीहरू उक्त प्रतियोगितामा तेश्रो स्थान हासिल गर्न सफल भएकोमा हार्दिक धन्यवाद दिंदै खेलाडीहरुको खाना, खाजा, यातायात खर्च बापत रु ४० हजार नगर खेलकुद विकास समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २:**

नेपाल पर्यटन बोर्ड प्रदेश कार्यालय पोखराको सहयोगमा पर्यटन बोर्ड काठमाण्डौमा २०८३/०१/०५ गते हुन गईरहेको मिलेनियम ट्रेक (पदमार्ग) प्रवर्द्धन, होमस्टे तथा पर्यटकीय सम्पदाहरुको प्रचार प्रसारका कार्यक्रमका लागि रु १५००० (पन्ध्र हजार) मिलेनियम ट्रेक व्यवस्थापन समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३:**

नेपाल रेडक्रस सोसाइटी स्याङ्जा जिल्ला शाखाले सञ्चालन गर्दै आएको ब्लड बैंकलाई दिगो रुपमा सञ्चालन गर्न आर्थिक वर्ष २०८२/८३ को नगर सभाले विनियोजन गरेको रकम रु १० लाख रेडक्रस शाखा स्याङ्जाको खातामा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४:**

यस नगरपालिका अन्तर्गत वडा नं. १४ को वैदी आमडाडा छुपा जिरो भन्दा माथि २०८२/०६/०६ मा भएको वर्षाको कारणले गएको पहिरो हटाउनका लागि वालिङ देखी जे.सी.वि मेसिन ढुवानी गरेको टेलरको भाडा वापत G.G CONSTRUCTION , Chapakot-5, स्याङ्जालाई रू ५०,००० उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५:**

स्याङ्जा जिल्ला क्रिकेट संघ र जिल्ला खेलकुद विकास समितिबाट आगामी सन् २०२७ मा नेपालमा आयोजना हुने ICC U-19 WOMEN WORLD CUP र २०८३ मा आयोजना हुने १० औं राष्ट्रिय प्रतियोगितामा सहभागी हुने महिला क्रिकेट टिमको तयारीका लागि यस नगरपालिका अन्तर्गत मालेवगर स्थित कृषि उपज संकलन केन्द्रको पछाडी पट्टि कि.नं ९४५ सार्वजनिक जग्गा मा रहेको करिब ४ रोपनी (५० मिटर लम्बाई र ३५ मिटर चौडाई) जग्गा INDOOR CRICKET भवन निर्माणका लागि उपलब्ध गराउन अनुरोध भई आएकोमा मालेवगरमा रहेको कृषि संकलन उपज केन्द्रको पछाडी पट्टी रहेको जग्गामा INDOOR CRICKET प्रशिक्षण स्थल निर्माण र ३० वर्ष सम्मको लागि भोगचलन गर्न सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. ६:**

देवघाट बौद्धिक अध्यात्मिक परिषद कुलेश्वर काठमाण्डौलाई रु ५००० /- आर्थिक सहयोग दिने निर्णय गरियो ।

.............................
धर्मराज ढुगाना
प्रमुख प्रशासकीय अधिकृत

.............................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ चैत्र १९ गते बिहिबार

निर्णय नं. ७:

यस नगरपालिका अन्तर्गत वडा नं. ११ मा रहेको श्री विश्वशान्ति आधारभूत विद्यालयको पत्र तथा वडा कार्यालयको सिफारिस समेतका आधारमा विद्यालयको कक्षा कोठा मर्मतका लागि पेश भए बमोजिमको लागत अनुमान बमोजिमको रकम रु १,६३,५६४ /- स्वीकृत गरी कक्षा कोठा मर्मत गर्ने कार्य अगाडि बढाउने र यसको भुक्तानी निर्मित संरचना मर्मत शीर्षकबाट दिने निर्णय गरियो ।

निर्णय नं. ८:

शासकीय सुधार अन्तर्गत WORLD BANK को सहयोगमा गत आर्थिक वर्ष निर्माण भएको शिक्षाचोक बहाकोट सडक खण्डमा वर्षाको कारणले वडा नं. ३ स्थित राधाकृष्ण चितिकुना टोल निवासी सितादेवी उपाध्यायको खेतमा पुग्न गएको क्षति न्यूनीकरण गरी खेत संरक्षणका लागि लगाएको जालीको मुल्यांकन बमोजिमको रकम रु २०,०००/- मर्मत सम्भार शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ९ :

वडा नं. ४ को सिफारिस तथा माझगाउँ निवासी खेम बहादुर घर्तीको माग निवेदन, समेतका आधारमा सडक विस्तार गर्ने क्रममा निजको घर पछाडी गएको पहिरो नियन्त्रणका लागि जालि तथा वाल निर्माण गर्दा लागत अनुमान अनुसारको रकम रु ३ लाख ५० हजार विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १०:

वडा नं. ४ को सिफारिसका आधारमा फापरडाँडा विरुवा हुँदै स्वारा बाटो मर्मतका लागि लागत अनुमान अनुसार रु. १ लाख मर्मत सम्भार शीर्षकबाट प्राविधिक मुल्यांकनका आधारमा भुक्तानी दिने गरी मर्मत सम्भार गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ११ :

यस नगरपालिका अन्तर्गत वडा नं. १३ स्थित डाँडाको पोखरीमा झापाकोट पार्क निर्माणका लागि रु ५० हजार मर्मत सम्भार शीर्षकबाट भुक्तानी लेख्ने गरी झापाकोट युवा क्लबलाई प्राविधिक मुल्यांकनका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२ :

चालु आर्थिक वर्षको दोश्रो चौमासिक सार्वजनिक सुनुवाई आगामी बैशाख महिनाको १० गते वडा नं २ स्थित भुवाने खोला कुँवर समाजको भवनमा गर्ने निर्णय गरियो ।

..............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..............................
तुलसी राम रेग्मी
नगर प्रमुख

**निर्णय नं. १३ :** २०८२ चैत्र १९ गते बिहिबार

वडा नं. ७ को कार्यालयको सिफारिसका आधारमा मौहोरिया माझघर टोल खानेपानी ट्यांकी मर्मत सम्भार तथा निर्माणका लागि लागत अनुमान अनुसारको रकम रु १,३२,००० मर्मत सम्भार शीर्षकबाट भुक्तानी लेख्ने गरी त्यसको मर्मत सम्भार गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १४ :**

चालु आर्थिक वर्षमा सञ्चालन गरिएका विभिन्न आयोजना तथा कार्यक्रमहरूको कानून बमोजिम गठित समितिले अनुगमन गरी पेश गरेको प्रतिवेदन माथि छलफल गरी देखिएका कमीकमजोरीहरू आगामी दिनमा क्रमशः सुधार गरी अगाडि बढ्ने गरी प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :**

विगत ५ वर्ष अगाडि देखि कार्यान्वयनमा रहेको नगरपालिकाको पञ्च वर्षे आवधिक योजना यसै वर्षको असार मसान्तमा समाप्त हुने भएकाले आर्थिक वर्ष २०८२/८३ देखि २०८७/८८ सम्मको आवधिक पन्च वर्षीय योजना तर्जुमा गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १६ :**

नगरपालिका अन्तर्गत गण्डकी प्रदेश सरकारको समपूरक अनुदानमा चालु आर्थिक वर्षमा निर्माणाधीन मायाटारी पोखरी चौर वेलवास सडक खण्ड प्रवेशद्वारमा रहेको कुटानी पिसानी मिल अन्यत्र स्थानान्तरण गरी वाल निर्माण गर्न र कुटानी पिसानीको टहरो निर्माण गर्न आवश्यक पर्ने जस्तापाता समेतको लागत अनुमान अनुसार रु ९० हजार मर्मत सम्भार शीर्षकबाट भुक्तानी लेख्ने गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १७ :**

वडा नं. १४ निवासी प्रेम बहादुर केसीको घर वर्षाको कारण ठाउँ ठाउँमा चर्केको र निजको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको भनी वडा कार्यालयबाट सिफारिस भइ आएकोले निजको घर मर्मत सम्भारका लागि लागत अनुमान तयार गरी पेश गर्न वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :**

वडा नं. ५ अन्तर्गत रहेको बालहित आधारभूत विद्यालयको मर्मत सम्भार र रंग रोगन गर्न लागत अनुमान अनुसारको रकम रु २ लाख मर्मत सम्भार शीर्षकबाट भुक्तानी लेख्ने गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १९ :**

जिल्ला समन्वय समितिले यस पालिका अन्तर्गत योजना/कार्यक्रमहरुको अनुगमन गरी उपलब्ध गराएको अनुगमन प्रतिवेदन उपर छलफल गरी प्रतिवेदनमा समावेश गरिएका सल्लाह सुझावलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

..........................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..........................
तुलसीराम गमी
नगर प्रमुख

निर्णय नं. २० :

२०८२ चैत्र १९ गते बिहिबार

गण्डकी प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोग पोखराको मिति २०८२/१२/०४ गते प्रकाशित सूचना बमोजिम आर्थिक वर्ष २०८३/८४ को समपूरक तथा विशेष अनुदान अन्तर्गत प्राथमिकताको आधारमा देहाय बमोजिमका आयोजना तथा कार्यक्रम प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

क) समपूरकअनुदान तर्फ

| क्र.स | आयोजनाको नाम | अनुमानित बजेट | कार्यान्वयन हुने स्थान |
|---|---|---|---|
| १ | मायाटारी पोखरीचौर बेलबास सडक | १३८४१८०७.५२ | वडा नं. ११ |
| २ | नुवार भन्ज्याङ बोडिखोला बयरखोला रिङ्दी मोटरबाटो स्तरोन्नति | २०००००० | वडा नं १३ |
| ३ | इन्द्रेस रानिस्वारा नुवाकोट सडक | १५००४६११.११ | वडा नं. ३ |

ख) विशेष अनुदान तर्फ

| क्र.स | आयोजनाको नाम | अनुमानित बजेट | कार्यान्वयन हुने स्थान |
|---|---|---|---|
| १ | पशुपालन स्तर वृद्धि तथा व्यवसायिक प्रोत्साहन परियोजना कार्यक्रम | ४०,००,००० | |
| २ | वृहत्तर कफी विस्तार तथा प्रवर्द्धन कार्यक्रम | ४०,००,००० | |

विविध :

क) यस वडा नं ४ स्थित नागडाँडा बजार र वडा नं १० स्थित रांगखोला बजारमा सम्बन्धित वडाको सिफारिस अनुसार अस्थायी प्रहरी विट निर्माणका लागी लागत अनुमान वमोजिम पूर्वाधार मर्मत सुधार शिर्षकबाट खर्च लेख्ने गरी निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

- नागडाँडा अस्थायी प्रहरी विट निर्माणः रकम रु. ४०,००० /- (चालिस हजार)
- रांगखोला अस्थायी प्रहरी विट निर्माणः रकम रु.:१२८७४७ /- (एक लाख अठ्ठाइस हजार सात सय सर्चालिस)

..................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..................
तुलसी राम रेग्मी
नगर प्रमुख

२०८२ चैत्र १९ गते बिहिबार

ख) वडा नं ४को वडा कार्यालय निर्माणका लागी रकम रु. १,१७,७३,९७७.७९ बराबरको लागत अनुमान तयार भएको र सो निर्माणका लागी आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश र पुतलीबजार नगरपालिका बीच २०८२/१२/१७ गते सम्झौता भई सो मन्त्रालयबाट ५८ लाख उपलब्ध हुने हुँदा लागत अनुमान वमोजिम बाँकी रकम आगामी नगर सभाबाट विनियोजन हुने गरी ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

ग) वडा नं. २, ७ र ८ को सिफारिस समेतका आधारमा देहाय बमोजिमका योजनाहरुको नाम संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क.स | वडा नं | संशोधन गर्नुपर्ने योजनाको नाम | कायम हुने योजनाको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | २ | हुनिकोट सामुदायिक भवन ट्रष्ट निर्माण | देवीस्थान काभ्रे हुनिकोट मोटरबाटो संरक्षण | |
| २ | ७ | मजुवा प्रतिक्षालय निर्माण | मसर्का खेल मैदान देखि मन्दिर जाने गोरेटोबाटो तथा रेलिङ्ग निर्माण | |
| ३ | ८ | गैडाकोट देउराली लत्रेपिपल मोटरबाटो स्तरोन्नती | भन्ज्याङ्ग धोवादी गैया देउराली लत्रेपिपल मो.बा. स्तरोन्नती | नगर |
| ४ | ८ | भन्ज्याङ्ग खेल मैदान निर्माण | भन्ज्याङ्ग खेल मैदान जाने मोटर बाटो मर्मत | वडा |

.....................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

.....................
तुलसी राम रेग्मी
नगर प्रमुख